प्रथम पटक प्रकाशन मिति:-२०८१।१२।२१

यस मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा पत्रकारिता, सञ्चार र सूचनाका क्षेत्रमा काम गर्ने गैर नाफामुलक संघ संस्थाहरूलाई अनुदान प्रदान गर्ने कार्यक्रम रहेको छ। उक्त अनुदान वितरण सम्बन्धी कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन "पत्रकारितासँग सम्बन्धित संघ संस्थाहरूलाई अनुदान तथा आर्थिक सहयोग वितरण सम्बन्धी दिग्दर्शन, २०८१" जारी गरिएको छ। उक्त दिग्दर्शनले तोकेको विधि, प्रक्रिया तथा मापदण्डभित्र रहेर इच्छुक सरोकारवाला संस्थाहरूलाई सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यक्रमको विस्तृत प्रस्ताव मन्त्रालय (प्रेस तथा सूचना समन्वय शाखा) मा पेश गर्न ऐ. दिग्दर्शनको दफा १४ बमोजिम यो सार्वजनिक सूचना आह्वान गरिएको छ ।

पुनश्चः- उक्त दिग्दर्शन मन्त्रालयको आधिकारिक वेबसाइट (www.mocit.gov.np) मा राखिएको छ।